## पिपिआर रोगको रोकथाम र उपचार

- रोगी बाखाको शरीरबाट निस्कने आँसु, सिँगान र मलमूत्रमा यस रोगका विषाणुहरु प्रसस्त मात्रामा रहेका हुन्छन त्यसैले रोगको सङ्क्रमण फैलिन नदिन रोगी बाखालाई बथानबाट अलग्गै राख्नुपर्दछ ।
- पि.पि.आर.रोगले मरेका पशुलाई गाड्नु वा जलाउनुका साथै रोगी बाखासँग लसपस भएका सरसामानहरू जलाउनु वा गाड्नुपर्दछ ।
- यस रोगबाट बचाउनका लागि तीन महिना उमेर पुगेका सम्पूर्ण स्वस्थ भेडा बाखालाई प्रत्येक दुई वर्षमा यस रोगविरुद्ध खोप लगाउनु पर्दछ ।
- यस रोग विरुद्धको खोप पशु सेवा विभाग अन्तर्गतको केन्दीय जैविकी उत्पादन प्रयोगशाला त्रिपुरेश्वरद्वारा उत्पादन गरी निःशुल्क वितरण हुने गरेको छ । यस रोगको खोप ५० र १०० मात्राको फ्रिजड्राइड भाएलमा उपलब्ध छ । वयस्क बाखा र ३ महिना उमेर पुगेका पाठापाठीलाई एक एम.एल.का दरले छाला मुनी खोप लगाउन सकिन्छ ।
- खोप लगाएको बाखालाई कम्तीमा एक वर्ष र बढिमा ३ वर्षसम्म यस रोगबाट बचाउँछ तर बारम्बार रोग फैलिरहने क्षेत्रमा प्रत्येक १ वा २ वर्षको अवधिमा खोप दोहोराउन वेश हुन्छ ।
- गोठमा नयाँ बाखा ल्याउनुपर्ने भएमा यस रोग विरुद्ध खोप लगाएर मात्र ल्याउनु पर्दछ । अथवा ३ हप्तासम्म अलग्गै राखी पि.पि.आर.विरुद्ध खोप लगाएर मात्र बथानमा मिसाउनूपर्दछ ।

- यस रोगको उपचार नभए तापनि एन्टिबायोटिक्सको प्रयोगले अन्य प्रकारका थप सङ्क्रमण हुनबाट बाखालाई बचाउँछ ।
- रोग अति तीक्ष्ण र जटिल नभएको अवस्थामा लक्षण देखा परेको ८ देखि १० दिनपछि रोगी बाखाहरु निको हुन सक्छन र यसरी निको भएपछि जीवनभरि यो रोग लाग्दैन ।

## याद राख्नुपर्ने कुरा

- पि.पि.आर. एउटा महामारी रोगभएकोले चाँडै फैलिने हुन्छ ।
- यो रोग लागिसकेपछि कृषकले धेरै नोक्सानी ब्यहोर्नुपर्ने हुन्छ ।
- बाहिरबाट बाखा खरिद गरी ल्याउँदा रोग भित्रिने खतरा हुन्छ ।
- बाखालाई रोगबाट बचाउन यस रोगविरुद्ध खोप लगाउनुपर्दछ ।



Design: www.colornpixel.com

# बाख्रामा लाग्ने पि.पि.आर. रोग र यसबाट बचाउने उपाय




## साना किसान विकास बैंक लि.

सुविधानगर, तिनकुने, काठमाडौं

फोन नं.: ०१-४१११८२८/४१११७५२

**Email:** info@skbbl.com.np **URL:** www.skbbl.com.np

बाखामा लाग्ने रोगहरूमध्ये पि.पि.आर. रोग सूक्ष्म विषाणुबाट लाग्ने अत्यन्त सङ्क्रामक महामारी रोग हो । भेडाबाखामा लाग्ने तर बाखामा बढी असर गर्ने यो रोग नेपालमा सन् १९९४ मा सर्वप्रथम देखापरेको थियो । यस रोगका मुख्य लक्षणहरुमा बाखालाई ज्वरो आउने, छेर्ने, मुखभित्र घाउ हुने र अन्त्यमा न्युमोनिया भएर मर्ने हुन्छन । रोग नभित्रिएको क्षेत्रका बाखामा यो रोग फैलिएमा सबै भेडाबाखामा रोग लाग्ने र २० देखि ९० प्रतिशतसम्म बाखाहरू मर्न सक्छन् । तीन महिनादेखि दुई वर्षको उमेरभित्रका बाखामा यो रोगले बढी असर गर्दछ । मानिसमा यस रोगको सङ्क्रमण हुँदैन ।

**पि.पि.आर. रोग लागेका बाखामा अचानक निम्न लक्षणहरु देखिन्छन ।**

- नाकबाट सिँगान बग्ने
- ज्वरो आउने
- आहारा नखाने र
- झोक्राउने

**रोग बढ्दै जाँदा निम्नलिखित थप लक्षणहरु देखिन्छन ।**

- पहेँलो रङ्गको बाक्लो सिँगानले नाक टालिने, पाप्रा जम्ने र साँस लिन गाह्रो हुने,
- आँखामा अत्यधिक सङक्रमण हुने,
- मुखभित्रका तन्तु र अँग सुन्निने,
- तल्लो र माथिल्लो गिँजामा, जिब्रोमा, जिब्रोमाथिको तालु र गालामा घाऊ हुन्छ ।
- अतिसार भएर जलवियोजन हुने र तौल घट्ने हुन्छ ।
- रोगी बाखाहरुमा ज्वरो ५-७ दिनसम्म रहने हुन्छ



मुखभित्र घाउ भएको

र गर्भिणी बाखा तुहिन सक्छ ।

- ज्वरो आएको तिनदेखि आठ दिन भित्र रोगी बाखा मर्ने हुन्छन् ।
- विषाणुबाट सङ्क्रमण भएको ४ देखि ६ दिनपछि बाखामा यस रोगका लक्षणहरू देखापर्न थाल्दछ ।
- सुरुमा १०४ देखि १०६ डिग्री सेल्सियससम्म ज्वरो आउने, थुतुनो सुख्खा हुने, झोक्रिने, आहारा नखाने, आँखामा कचेरा लाग्ने, आँखा रातो हुने र आँसु बग्ने र र्‍याल काढ्ने र छेर्ने हुन्छन् ।
- बाक्लो पहेंलो सिगानले नाक बन्द भई रोगी बाखालाई साँस लिन गाह्रो हुन्छ । ज्वरो आएको २ देखि ३ दिनपछि तल्लो गिँजा र ओठमा घाउहरू देखिन थाल्छन् र रोगको आक्रमण भएको केही समयमा नै मुखका सबै भागहरूमा घाउ देखिन्छ ।
- ज्वरो आएको २ देखि ४ दिनमा गाढा कालो, पातलो रगत मिसिएको छेरौटी सुरु हुन्छ र शरीरमा पानीको अत्यन्त कमी हुन्छ ।
- रोगी बाखामध्ये केहीमा श्वास प्रश्वासको समस्या,



सिँगानले नाक टालिएको र आँखामा सङ्क्रमण भएको

खोकी र न्युमोनियाको लक्षण देखिन्छ ।

- केही दिनपछि ज्वरो घटे पनि रोगी बाखाहरू दुब्लाउँदै जाने र आहारा नखाने भई सङ्क्रमण भएको ७ देखि १४ दिनमा मर्न सक्छन् ।
- रोग लागेका वयस्क बाखाका तुलनामा पाठापाठीमा मृत्युदर बढि हुने गर्दछ ।

**पि.पि.आर. रोग सर्ने माध्यम**

यो रोग फैलिनका लागि रोगी र निरोगी बाखाहरुबिच सोझै सम्पर्क भएमा विषाणुहरु सर्ने हुन्छन । विषाणुहरु निम्नलिखित माध्यमबाट सर्ने हुन्छन

- रोगी बाखाको जुतोबाट,
- रोगी बाखाको नाकबाट निस्कने सिँगानबाट,
- आँखाबाट निस्कने आँसुको माध्यमबाट,
- रोगी बाखाले खोक्दा र हाच्छिउँ गर्दा हावामा मिसिने मसिना कणहरुमा भएका विषाणुबाट सङक्रमण फैलिने हुन्छ ।
- यसकासाथै खाने पानी, दानाको डुँड र प्रयोग गरिएको सोत्तर पनि विषाणुबाट संक्रमित भई सङक्रमण फैलिने हुन्छ ।